ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ

☎ ०३६-४११९०३
☎ ०३६-४११९०४
E-mail :aiselukharka2073@gmail.com
Website:www.aiselukharkamun.gov.np

१ नं. प्रदेश, नेपाल

प.स:-०७५/०७६

च.नं.:- १००

मिति :-२०७५/०५/०७

**विषय :- उपभोक्ता समिति गठन सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरु ७ (सात) सबै,**
**ऐसेलुखर्क गाउँपालिका ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट त्यस वडामा सञ्चालन हुने चालु आ.व. २०७५/७६ को भौतिक निर्माण तर्फका सबै योजनाहरुको उपभोक्ता समिति २०७५ भाद्र मसान्त भित्र गठन गरी गाउँपालिकामा जानकारी पठाउने भनी मिति २०७५ भाद्र ७ गते बसेको कार्यपालिका बैठकबाट निर्णय भएकोले भौतिक निर्माण तर्फका सबै योजनाहरुको उपभोक्ता समिति २०७५ भाद्र मसान्त भित्र तपसीलका सर्तको अधिनमा रहेर समिति गठन गरी यस कार्यालयमा जानकारी पठाउनु हुन अनुरोध छ ।

<u>तपसील</u>

- स्थानीय उपभोक्ताहरुको भेलाबाट योजना स्थलमा नै समिति गठन गर्नु पर्ने ।
- वडा अध्यक्ष वा वडा सदस्यहरुको रोहवरमा समिति गठन हुनुपर्ने ।
- वडा सचिवको अनिवार्य उपस्थिती हुनुपर्ने ।
- उपभोक्ता समिति कम्तिमा ७ देखि ११ जना सम्मको गठन गर्नुपर्ने र २ जना महिला सहित ५ जनाको योजना अनुगमन तथा सहजिकरण समिति गठन गर्नुपर्ने ।
- उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्ने ।
- अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये १ महिला अनिवार्य हुनुपर्ने ।
- खाता सञ्चालकमा महिला अनिवार्य हुनुपर्ने ।
- सार्वजनिक पद धारण गरेको व्यक्ति र पेश्की बाँकी रहेको व्यक्ति समितिमा रहन नपाउने ।

बोधार्थ: श्री सूचना प्रविधि शाखा:
Website मा राख्नुहुन ।

२०७५/०५/०७

**(जीवन निरौला)**
प्रमुख प्रशासकीय अधिकृत